संघीय संसद
प्रतिनिधि सभा, २०७९
तेस्रो अधिवेशन
बैठक संख्या - २२

सूचनापत्र - २
(बैठकको कारवाहीको संक्षिप्त विवरण)

२०८० साल चैत २८ गते बुधबार

प्रतिनिधि सभाको आजको बैठक सम्माननीय सभामुख श्री देवराज घिमिरेको अध्यक्षतामा दिनको १२:०५ बजे प्रारम्भ भयो ।

बैठकको प्रारम्भमै नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत अन्य प्रतिपक्षदलका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनुभएपछि सम्माननीय सभामुखले निम्नलिखित माननीय सदस्यहरुलाई समय दिनुहुँदा उहाँहरुले सहकारी ठगीको विषयमा सत्यतथ्य छानविन गर्नका लागि संसदीय छानविन समिति गठन हुनुपर्ने माग विगत एकमहिनादेखि निरन्तर सभामा आवाज उठाउँदै आइरहेको तर सरकारले उक्त माग पुरा नगरेको, तथ्यमा आधारित भएर कुनैपनि विषयमा सदनमा आवाज उठाउँदा सत्तापक्ष वा प्रतिपक्ष जो भएपनि त्यसले परिणाम ल्याउने, संसदमा एक अर्कालाई दोषारोपण गर्ने अभ्यासले नराम्रो सन्देश जाने भएकोले सदनलाई स्वच्छ बहस गर्ने थलोको रुपमा विकास गर्न आवश्यक भएको, सदनमा सांसदले बोल्न पाउने र कुनै व्यक्तिलाई निराधार लान्छना लगाउन नपाईने विषय नियमावलीमा प्रष्ट उल्लेख भएको, शान्तीपूर्ण आन्दोलनमा प्रहरीको दमन भएको, विधेयकको सम्बन्धी छलफल हुनभन्दा पनि बढी एकअर्कालाई आरोप लगाउने विवादमा मात्रै संसदको समय वितिरहेको, प्रतिपक्षको मागलाई ध्यान दिएर सार्थक वार्ता गरी संसदको गतिरोध अन्त्य गर्नुपर्ने, दोषीलाई उम्काउने नभई कारवाही गर्नेगरी सहकारी ठगी प्रकरण सहित २०४७ सालदेखिकै भ्रष्टाचारहरुको सत्य तथ्य छानविन गर्नुपर्ने, संसदको तीन वटा अधिवेशनसम्म पनि जनताले उपलब्धी महशुस गर्नेगरी कुनै कार्य नभएको, देशको अर्थतन्त्रको आकारभन्दा दशगुणा ठूलो सरकारको आकार भएकोले यसको आकार घटाउनतर्फ ध्यान दिनुपर्ने लगायतको विषयमा आ-आफ्नो भनाइ राख्नुभयो ।

१. मा० श्री रामहरि खतिवडा
२. मा० श्री सूर्य बहादुर थापा क्षेत्री
३. मा० श्री माधव सापकोटा
४. मा० श्री मनिष झा
५. मा० श्री ज्ञान बहादुर शाही
६. मा० श्री प्रदिप यादव
७. मा० श्री राम प्रकाश चौधरी
८. मा० श्री राजेन्द्र प्रसाद पाण्डे
९. मा० श्री प्रभु साह
१०. मा० डा० अमरेश कुमार सिंह

त्यसपछि सम्माननीय सभामुखले शून्य समयको कार्यक्रम प्रारम्भ भएको जानकारी गराउनु हुनासाथ नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत अन्य प्रतिपक्षदलका माननीय सदस्यहरु आ-आफ्नो आशन अगाडि उभिनु भएपछि त्यसपछि सम्माननीय सभामुखले प्रतिनिधि मुलक ढंगले माननीय सदस्यहरुले आ-अफ्नो भनाई राखिसक्नु भएकोले निर्धारित कार्यक्रम साथै नियमावलीले व्यवस्था गरे अनुसारको शून्य समय र विशेष समयमा समसामयिक विषयमा छलफल गर्दै बैठक सञ्चालन गर्नको लागि आशन गर्नुहुन माननीय सदस्यहरुलाई अनुरोध गर्नुहुँदा पनि माननीय सदस्यहरु आ-आफ्नो स्थानमा उभिइ नै रहनुभयो ।

तत्पश्चात् सम्माननीय सभामुखले माननीय सदस्यहरुले मात्र नभई माननीयहरुको निजी सचिवले समेत काम नपाएको विषय उठिरहेको बेला त्यसलाई काम दिन समेत अनुसाशित भएर साथै विषय केन्द्रित भएर समस्याका समाधानहरु खोज्दै सभा सञ्चालन गर्नको लागि आशन ग्रहण गर्नुहुन माननीय सदस्यहरुलाई अनुरोध गर्नुहुँदा पनि नेपाली काँग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत अन्य प्रतिपक्षदलका माननीय सदस्यहरुले छानविन समिति गठनको माग सहित विभिन्न नारा लगाउन थाल्नु भएपछि सम्माननीय सभामुखले आजको निर्धारित सम्पूर्ण कार्यक्रमहरु सूचीबाट हटाइएको व्यहोरा जानकारी गराउनु भयो ।

तदनन्तर प्रतिनिधि सभाको अर्को बैठक २०८१ साल वैशाख २ गते आइतबार बिहान ११:०० बजे बस्नेगरी बैठक दिनको ०१:१० बजे स्थगित भयो ।

पद्म प्रसाद पाण्डेय
महासचिव